# शे-फोक्सुण्डो गाउँपालिका
# ཞེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྲབ་ལྷན་ཁང་།
# गाउँ कार्यपालिकाको कार्यालय

सान्दाउ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

मिति :२०७९।१०।०४

## सूची दर्ता गराउने सम्बन्धी सूचना ।
**(प्रथम पटक प्रकाशित मितिः२०७९।१०।०४)**

प्रस्तुत विषयमा यस शेफोक्सुण्डो गाउँपालिकाको चालु आर्थिक वर्ष ०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार शेफोक्सुण्डो गाउँपालिकास्तरीय स्थानीय जलवायु अनुकुलन कार्ययोजना (LAPA) निर्माणका लागि सेवा परामर्श कार्य गर्नुपर्ने भएको हुँदा योग्य, अनुभवी तथा इच्छुक फर्म, परामर्शदाता संस्था वा कम्पनीबाट तपशिलमा तोकिए बमोजिमका आवश्यक कागजात सहित निवेदन पेश गर्न सार्वजनिक खरिद नियमावली, २०६४,नियम ७२(१)को प्रयोजनका लागि सार्वजनिक खरिद नियमावली, २०६४,नियम १८ अनुसारका कागजातहरु पेश गर्न यो सूचना प्रकाशित गरिएकाले सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको कार्यालय समय (२०७९/११/०५गते दिनको १७ वजे)भित्र रितपूर्वक कार्यालयमा निवदेन पेश गरी सूची दर्ता गराउन आह्वान गरिन्छ।

**निवदेन साथ पेश गर्नुपर्ने कागजात**

१. रितपुर्वकको आधिकारिक निवेदन (सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क)बमोजिम)

२. संस्था दर्ता प्रमाणपत्र, यस आ.व.को लागि संस्था नवीकरण प्रमाणपत्र, आ.व.२०७८/७९ को कर चुक्ता प्रमाणपत्र, लेखा परीक्षण प्रतिवेदन, स्थायी लेखा नम्बर र भ्याट दर्ता प्रमाणपत्र, कालो सूचीमा नरहेको स्व-घोषणा प्रमाण,

३. सम्बन्धित क्षेत्रको अनुभव र कार्य क्षमता खुल्ने कागजातहरु

४. संस्थाको प्रोफाइल,बायोडाटा तथा अन्य सम्वद्ध कागजातहरु

उल्लेखित कागजातहरु संस्थाको आधिकारिक व्यक्तिबाट सही छाप तथा खामबन्दी गरी तल उल्लेखित ठेगानामा तोकिएको समयमा कार्यालयमा पेश गर्नुपर्नेछ। आवेदक फर्म, संस्था, व्यक्ति वा कम्पनीको आधिकारीक कागजातहरू सम्वन्धित अनुभव तथा संस्थागत क्षमताको आधारमा सूची तयार गरिन्छ। योग्य सूचीकृत आवेदक फर्म, संस्था वा कम्पनीहरुबाट मात्र प्रस्ताव माग गरिने व्यहोरा पनि सूचित गरिन्छ ।

थप जानकारिको लागि यस गाउँपालिकाको website:www.https://shephoksundomun.gov.np वा ९८५८३९०११७,९८५१३१३३८८,९८५८३९०११६, ९८५११२९९८८ मा सम्पर्क गर्न सक्नु हुनेछ।

केशव राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत